नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था"

Kamaladi, Kathmandu, Nepal
+977-01-4545885, 4545886
info@nepalfinance.com.np
www.nepalfinance.com.np

च. नं. ४२ ०८१/८२

मितिः २०८१।१०।१३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : वार्षिक साधारण सभाको निर्णय पुस्तिका पठाएको वारे ।

महोदय,

यस वित्तीय संस्थाको मिति २०८१।१०।०८ मा सम्पन्न बत्तिसौं बार्षिक साधारणसभाको निर्णय पुस्तिका आवश्यक जानकारी तथा कारवाहीको लागि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

.............................

बिष्णुप्रसाद गौतम

कम्पनी सचिव

**नेपाल फाईनान्स लिमिटेडको**
**३२ औं बार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण**
**(माईन्युट)**

१. **सभाको वैधानिकता :**

नेपाल फाईनान्स लिमिटेडको मिति २०८१/०९/०७ गते आईतबार (२२ डिसेम्बर, २०२४) मा बसेको संचालक समितिको ३९४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रवन्धपत्र तथा नियमावली बमोजिम ३२ औं बार्षिक साधारणसभा २०८१ साल पौष २९ गते सोमवार (१३ जनवरी, २०२५) हुने निर्णय भई मिति २०८१/०९/०८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुनः मिति २०८१/०९/२२ गतेका दिन दैनिक पत्र राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको ३२ औं बार्षिक साधारण सभा बोलाईएकोमा कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा संस्थाको नियमावलीको नियम ५ अनुरुप सभाको लागि आवश्यक गणपुरक संख्या पुरा हुनको लागि बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्ने रहेकोमा गणपुरक संख्या नपुगी स्थगित भएको । मिति २०८१/०९/२९ मा बसेको संचालक समितिको बैठकवाट कम्पनी ऐनको दफा ६७ र संस्थाको नियमावलीको नियम ४ को उपनियम ५ मा रहेको व्यवस्था बमोजिम मिति २०८१/१०/०१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिनको सूचना दिई पुनः मिति २०८१/१०/०८ गतेको लागि बार्षिक साधारण सभा बोलाईएकोमा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

२. **सभाको मिति, स्थान र समय :**

| | |
|---|---|
| मिति | : २०८१ साल माघ ०८ गते (तदनुसार २१ जनवरी २०२५) मंगलबार । |
| स्थान | : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर । |
| समय | : विहान ८:०० बजे । |

३. **सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको ३२ औं वार्षिक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगाना (घर तथा इमेल) मा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुविधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinance.com.np बाट पनि बार्षिक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

४. **छलफलको विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण ( संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध ।

५. उपस्थिति :

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ३. | श्री राजन प्रजापती | सञ्चालक |
| ४. | श्री विकेश शाक्य | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |

५.२ आमन्त्रित व्यक्तित्वहरु

| | | |
|---|---|---|
| १. | श्री श्याम बहादुर रावल | प्रभु क्यापिटल लि. |
| २. | श्री रामकृष्ण लामिछाने | कानूनी सल्लाहकार |
| ३. | श्री रामचन्द्र कार्की | निर्वाचन अधिकृत |

५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दवराज थपलिया |
| २. | कम्पनी सचिव | श्री विष्णुप्रसाद गौतम |
| ३. | प्रबन्धक | श्री सागर प्रजापती |
| ४. | नायव प्रबन्धक | श्री चन्द्रशेखर खड्का |
| ५. | नायव प्रबन्धक | श्री मधु नेपाल |
| ६. | सहायक प्रबन्धक | श्री वासु के. सी. |

५.४ शेयरधनीहरुको उपस्थिति

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | ७५ जना |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ५४ जना |

जम्मा उपस्थित संख्या: १२९ जना
जम्मा उपस्थित कित्ता: २१ लाख ८७ हजार ५ सय ८९ कित्ता

६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या "क" र "ख" समूह | १४,८१६ जना | १२९ जना | २९.९८% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ७२,९४,९६६.३४ | जम्मा उपस्थित शेयर कित्ता: २१,८७,५८९ | |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम वार्षिक साधारणसभा बोलाइएकोमा गणपुरक संख्या नगुगी स्थगित भएको साधारण सभा पूर्व निर्धारित छलफलका बिषय तथा कार्यक्रममा कुनै परिवर्तन नगरी पुन: मिति २०८१/०९/२९ मा बसेको संचालक समितिको बैठकबाट कम्पनी ऐनको दफा ६७ र संस्थाको नियमावलीको नियम ४ को उपनियम ५ मा रहेको व्यवस्था बमोजिम वार्षिक साधारण सभा बोलाईएकोमा कम्पनी ऐनको दफा ७३ को उपदफा (३) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा २५ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या ७५ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत ५४ जना गरी कुल १२९ जना शेयरधनीको २१,८७,५८९ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ७२,९४,९६६.३४ को २९.९८ प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार भएको सभा वैधानिक भएको जानकारी गराई सभा बैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा बैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै बिहान ८:१५ बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा संस्थाको ३२ औं वार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभापतिज्यूको अनुमतिले सञ्चालक श्री दिप्रश शाक्यज्यूले स्वागत मन्तव्य दिनुभयो ।

८. **प्रतिवेदनको प्रस्तुति**

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०८०/०८१ को सञ्चालक समितिको तर्फवाट तयार पारिएको अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूको अनुमतिले संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूले सभा समक्ष नेपाल फाईनान्स लिमिटेडको लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा नगद

प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.३ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा विशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ साधारण सभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप बार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नुहुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री शत्रुघन श्रेष्ठ

२. श्री सुदिप श्रेष्ठ

३. श्री ब्रह्मदेव शाक्य

४. श्री चन्द्र नारायण श्रेष्ठ

५. श्री ईन्द्रकृष्ण श्रेष्ठ

६. श्री गोबिन्द ब. के.सी.

७. श्री ईन्द्र प्रसाद लामिछाने

८. श्री नरसिंह लाल चंखु

९. श्री कृष्ण प्रसाद अधिकारी

**९.३ छलफलको लागि लिखित मन्तव्य माध्यमबाट सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री लक्ष्मण बहादुर श्रेष्ठ

२. श्री निरुपमा गुप्ता

१०. **छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**क) सर्वसाधारण शेयरधनी श्री शत्रुघन श्रेष्ठ**

खराब कर्जा घटाउदै लगेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यबाद । संस्थाको नाफा घट्दो क्रममा देखियो । बाँकी रहेको खराब कर्जामा रहेको मुद्धा छिटो टुङ्ग्याउनु पर्‍यो र आगामी बर्षबाट शेयरधनीहरुलाई लाभांश दिने अवस्थाको श्रृजना गर्नुपर्‍यो ।

**ख) सर्वसाधारण शेयरधनी श्री सुदिप श्रेष्ठ**

शेयरधनीहरुको चाहना र उद्देश्य नै नाफा प्राप्त गर्नु रहेको हुन्छ, त्यसैले नाफा दिनेगरी कार्य गर्नुहुन । संस्थाको खराब कर्जा घटाउने गरी कार्य गर्नुहुन । कृषि र प्राथमिक क्षेत्रका कर्जा लगानी वढाएमा राम्रो हुन्छ, त्यतातिर विशेष ध्यान दिनु हुन । अन्त्यमा सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

**ग) सर्वसाधारण शेयरधनी श्री बह्मदेव शाक्य**

संस्थाको हकप्रद शेयर किन बिक्री हुन नसकेको हो, बिक्री गरी पूर्जी पुर्‍याउनतिर संचालक समितिको ध्यानाकर्षण गराउँदछु । साथै शेयर सदस्यहरुको चाहना प्रतिफलको रहने र यस बर्षपनि नाफा वितरण नभएकोले हामी निराश छौं, उत्साहित हुनेगरी कार्य गर्नको लागि अनुरोध गर्दछु । साथै, लेखापरिक्षकमा पुरानै लेखापरिक्षक नियुक्ति गर्दा राम्रो हुन्छ की ?

**घ) सर्वसाधारण शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ**

संस्थाले समिक्षा बर्षमा सबै फाईनान्स कम्पनीहरुको तुलनामा राम्रो बृद्धि गरेकोमा बधाई छ । साधारण सभा पौष २९ मा गर्नु भएन । संचालन खर्चमा कमी ल्याउनेगरी कार्य गर्नको लागि सुझाव दिन चाहन्छु ।

**ङ) सर्वसाधारण शेयरधनी श्री ईन्द्रकृष्ण श्रेष्ठ**

पहिला बिग्रेको संस्थाका सबै सूचकहरु सुधारोन्मुख देखिएको छ । समिक्षा बर्षमा नोक्सानी व्यवस्थाको कारणले नोक्सानीमा रहेको देखिएतापनि चालु बर्षको दोश्रो त्रैमासिक प्रतिवेदनमा देखिएको सुधारले संस्थाको अवस्था राम्रो रहेको पाईयो र आगामी त्रैमासिक अवधीहरुमा पनि यसले निरन्तरता पाईरहोस भन्ने शुभकामना । मुद्धाको चाँडो छिनोफानो गरी अब मुनाफा वितरण गर्ने गरी कार्य गर्नको लागि सुझाव दिन चाहन्छु । साथै शाखागत व्यवसायको समेत निगरानी गर्नेगरी कार्य गर्नुहुन र सेवालाई चुस्त दुरुस्त र ग्राहकमुखी हुनेगरी कार्य गर्नुहुनको लागि अनुरोध गर्दछु ।

**च) सर्वसाधारण शेयरधनी श्री गोबिन्द बहादुर के.सी.**

हाल लगानीमैत्री वातावरण नरहेको र यो समस्या छिट्टै समाधानहोला जस्तो नदेखिएकोले निक्षेप परिचालन र कर्जा व्यवस्थापनमा बिशेष ध्यान दिनुहुन । चुक्ता पूजीं पुर्‍याउन नसकेको कारणले यसतर्फ संचालक समिति बिशेष जिम्मेवार हुनुहुन अनुरोध गर्दछु । साधारण सभा तोकिएको समयभित्रै सकने गरी कार्य गर्नु हुन । संस्थाबाट प्रवाहित हुने सेवाहरु ग्राहकमैत्री, छिटोछरितो प्रवाह हुनेगरी बिशेष ध्यान दिनुहुन ।

**छ) सर्वसाधारण शेयरधनी श्री ईन्द्र प्रसाद लामिछाने**

बिशेष प्रस्ताव अन्तर्गत रहेको मर्जर र प्राप्तीको प्रस्तावलाई यदी कार्यान्वयनमा लैजाने हो भने बिशेष ध्यान दिएर र विश्लेषण गरेर मात्र निर्णय गर्नुहुनको लागि सुझाव गर्दछु । कर्जा प्रवाह पश्चात् निरिक्षण र अनुगमन गरी कर्जा सदुपयोगीताको सुनिश्चितता गर्ने गर्नुहुन साथै शेयरधनीहरुको सुझावलाई कार्यान्वियनमा ल्याउनु हुनको लागि अनुरोध गर्दछु । बाह्य परिस्थितिको सामना गर्न सक्नेगरी सबल संस्था बनाउनका लागि अनुरोध तथा शुभकामना व्यक्त गर्दछु । नवनिर्वाचित संचालकलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**ज) सर्वसाधारण शेयरधनी श्री नरसिंहलाल चंखु**

दोश्रो त्रैमासिक अवधीमा राम्रो सुधार भएको पाईयो, यसलाई निरन्तरता दिनुहुन । संचित मुनाफा ऋणात्मक भएकोले नाफा वितरण गर्न नसकेकोमा नीतिगत रुपमा रहेका यस्ता बाधालाई निराकरण गर्ने गरी कार्यलाई अझ चुस्त बनाउनुहुन । दोश्रो बजारमा लगानी रहेको पाईयो, यसलाई समयमै नाफा बुक हुनेगरी कारोबार गर्नुहुन साथै रहेका श्रोतलाई राम्रो परिणाम आउनेगरी व्यवस्थापन गर्नुहुन समेत सुझाव गर्दछु ।

**झ) सर्वसाधारण शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी**

सम्पूर्ण उपस्थित महानुभावहरुमा स्वस्ती शान्तिको वाचनगरी शुभकामना दिनुभयो । साधारण सभाको सफलताको शुभकामना र आगामी दिनमा संस्थाको अझ प्रगतीको कामना साथै साधारण सभा विहानै नराखी दिउसोको समयमा राख्नको लागि अनुरोध गर्दछु ।

**१०.१ छलफलको क्रममा शेयरधनी महानुभावले स्वयम् आफै उपस्थित एवम् ईमेलको माध्यमबाट पेश गर्नुभएको लिखित मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :**

**क) सर्वसाधारण शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ**

स्थगित भएको ३२औं साधारण सभा पुनः छिटो गर्न सफल भएकोमा कम्पनी व्यवस्थापन र संचालकलाई धन्यवाद । कम्पनीले गत आ. ब. मा लाभांस नदिएपनि आगामी आ. ब. मा लाभांश दिनेमा म आशावादी छु । कम्पनीले वार्षिक साधारण सभामा प्रस्ताव गरिएको गाभ्ने/गाभिने एजेण्डालाई संचालकहरुले उचित संस्थासंग गर्न आग्रह गर्दछु । वार्षिक साधारण सभाबाट

निर्वाचित संचालक तथा नव गठित संचालक समितिलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यपक्त गर्दछु।

आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन काम गर्ने कर्मचारीहरुप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै एजेण्डाहरुमा मेरो पूर्ण समर्थन जनाउदै बार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु।

**ख) सर्वसाधारण शेयरधनी श्री निरुपमा गुप्ता**

१. शेयरधनीहरुले दोहोरो अंकमा लाभांश वितरण होवोस भन्ने अपेक्षा राख्दछु।
२. समय सापेक्ष र व्यवसायको बृद्धिसंगै खर्च बढ्नु स्वभाविक हो, तरपनि खर्चमा मितव्ययिता अपनाउनु हुन अनुरोध गर्दछु।
३. CSR को केही रकमलाई निर्धन र असक्तलाई शिक्षमा लगानी गर्न आग्रह गर्दछु।
४. आगामी बर्ष संस्थालाई प्रगतीपथ तर्फ डोर्‍याउन एवम् सबल र उत्कृष्टता तर्फ उन्मुख गर्न यहाँको रणनीति र लगानीका नीति के कस्तो रहेको छ।
५. साधारण सभाका सम्पूर्ण प्रस्तावहरुलाई मेरो समर्थन रहेको जानकारी गराउन चाहन्छु।
६. अन्त्यमा, संस्थाको उत्तरोत्तर प्रगतीको कामना सहित मेरो लिखित मन्तब्य यही टुंग्याउँछु, नमस्कार।

**११. छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ:**

छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दवराज थपलिया ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

**क) अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान:**

- छलफलका क्रममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा व्यक्त गर्दछु । साथै संस्था यहाँहरुको सुझावलाई सदैव स्वागत गर्दछ।
- संस्थाको शेयर पूजीं चुक्ता नहुनुमा केही संस्थापकहरुबाट हकप्रद शेयर राख्नको लागि कानूनी रुपमा अयोग्य रहेको कारणले बिक्री हुन नसकेको जानकारी गराउन चाहन्छु, तथापी बोलकबोलको प्रक्रियाबाट बिक्री गर्नको लागि नितीगत व्यवस्था अनुरुप प्रक्रिया गरिरहेको र वित्तीय अवस्था आदिको कारणले बिक्री हुन नसकेको जानकारी गराउँदै यहाँहरु समेतबाट आफै वा आफ्नो सम्बन्धमा रहेका व्यक्तिहरुलाई संस्थापक शेयर खरिद गर्नका लागि यसै सभा मार्फत आह्वान गर्दछु । साथै, सो बिषयमा संचालक समिति जिम्मेवार र सचेत रहेको जानकारी गराउँदै यसको उत्तरदायित्व संचालक समितिकै रहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

- यसका साथै संस्थाले शेयरधनीहरुका लागि शेयर सदस्य बचत खाता संचालनमा ल्याएको जानकारी गराउदै सम्पूर्ण शेयरधनीहरुले पनि आफ्नो बचत परिचालन गरी संस्थाको व्यवसाय बृद्धिलाई सहयोग गर्न समेत यसै सभा मार्फत अनुरोध गर्न चाहन्छु ।
- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्वन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको संचालक समिति संस्थागत सुशासनमा कटिबद्ध रहेको व्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।
- प्रतिवेदनका वारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव, सल्लाह र छलफलमा उत्साहजनक रुपमा सहभागी भई दिनुभएका सकारात्मक सल्लाहको लागि धन्यवाद तथा आभार प्रकट गर्दछु । साथै सदैव यहाँहरुवाट यस्तै सुझाव र सल्लाहको अपेक्षा समेत गर्दछौं ।

**ख) प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया:**

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दै सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दछु ।
- यहाँहरु सबै जनाबाट निष्क्रिय कर्जा घटाउन र कर्जा व्यवस्थापनको बारेमा जिज्ञासा राख्नु भएको छ । जसलाई मैले एकदमै सकारात्मक रुपमा लिएको छु । कर्जा खराब नहोस् भन्ने हेतुले संस्थाले साना साना कर्जा लगानीलाई प्रोत्साहन गर्ने गरेको र कर्जा प्रवाह पश्चात् कर्जा सदुपयोगिता निरिक्षणको कार्य गरिरहेको समेत जानकारी गराउन चाहन्छु ।
- यहाँहरुले भने जस्तै समय सापेक्ष र व्यवसायमा समेत बृद्धि भएकोले संचालन खर्चमा बृद्धि भएको हो, साथै नयाँ कर्मचारी भर्ना गर्दा सुरुमा परिक्षणकालमा लिईने र ६ महिना पश्चात स्थाई गर्दै लैजाने संस्थाको नीति अनुरुप हाल धेरै कर्मचारीहरु स्थाई सेवामा रहेकोले समेत संचालन खर्च र कर्मचारी खर्चमा केही बढी खर्च हुन गएको जानकारी गराउन चाहन्छु ।
- चुक्ता पूजीं पुरयाउनको लागि पहल गर्नुपर्‍यो अनी योजना के छ भन्नुभएको छ, सो का सम्बन्धमा हामीले धितोपत्र दर्ता तथा निष्काशन नियमावली र नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था अनुसार लिलाम बिक्रीबाट बिक्री गर्नको लागि सार्वजनिक सूचना प्रकाशित गरिरहेको र हरेक पटक केही रकमको बिक्री समेत भईरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । सो को अतिरिक्त शेयर सदस्यज्युहरुबाट हकप्रद शेयरको लागि calls in advance मा जम्मा गर्नुभएको रकमलाई प्रक्रिया पुर्‍याएर शेयरमा ट्रान्सफर गर्नको लागि समेत पहल भईरहेको र यहाँहरुवाट समेत चुक्ता पूजीं पुरयाउनको लागि अध्यक्षज्युले भन्नुभएको जस्तो सक्दो सहयोगको लागि समेत अनुरोध गर्दछु ।
- सम्मानित अदालतमा मुद्दाको क्रममा रहेको कर्जा हाल सुनुवाईको क्रममा प्रवेश गरिसकेकोले प्रक्रियामा रहेको र छिट्टै टुंगोमा पुग्नेछ भन्ने जानकारी गराउन चाहन्छु । समग्रमा व्यवस्थापन पुरानो रोगलाई निर्मुलीकरण गरी नयाँ तरिकाबाट आफ्ना वित्तीय

कारोबारलाई अगाडी बढाउने रणनीतिका साथ कार्य गरिरहेको समेत जानकारी गराउन चाहन्छु ।

- यहाँहरुले आगामी बर्ष मुनाफा वितरण गर्न सकोस भनी शुभेक्षा राख्नु भएकोमा व्यवस्थापनले सो का लागि प्रयास गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु । तथापी संचित नोक्सानी रहेसम्म नाफा वितरण गर्न नसकिने र खराब कर्जा असुली नभएसम्म संचिति नोक्सानी हटाउन कठिनाई भएको जानकारी गराउन चाहन्छु र बाँकी रहेको खराब कर्जा मध्ये करिब १३ करोड कर्जा सम्मानित अदालतमा मुद्दाको क्रममा रहेकोले उक्त मुद्दाको फैसला भई कर्जा असुल उपरको कार्य सकिएको खण्डमा कम्तिमा पनि आगामी आ. ब. बाट लाभांश वितरण गर्न सकिने समेत जानकारी गराउन चाहन्छु ।
- आगामी बर्षबाट यहाँहरुले दिनुभएको सुझाव अनुसार पहिलोपल्ट रोकिएको खण्डमा समेत साधारण सभा समयमै गर्ने गरी कार्य गरिने व्यहोरा म अनुरोध गर्दछु ।
- यहाँहरुले बार्षिक साधारण सभामा दिनु भएका सुझावहरुलाई कार्यान्वयनमा ल्याईरहेको र आगामी बर्षहरुमा समेत यहाँहरुको सकारात्मक सुझावहरुलाई सदैव स्वागत गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।
- अन्त्यमा, यहाँहरुले गर्नुभएको विश्वास, व्यवस्थापनलाई. दिनु भएको शुभेच्छा प्रति व्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार व्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिबद्धता समेत व्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

शेयरधनी महानुभावहरुबाट छलफलको क्रममा राख्नु भएका जिज्ञासा, मन्तव्य तथा सुझावहरुको समाधान पश्चात् कम्पनी सचिवबाट प्रस्तावित प्रस्तावहरु क्रमशः पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षणको लागि अनुरोध भयो ।

**१२. ३२ औं बार्षिक साधारण सभाका निर्णयहरु**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

➢ सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०८०/०८१ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

➤ लेखापरिक्षण प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण ( संलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

➤ आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरिक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०८१/०९/०७ को बैठक नं. ३९४ बाट सिफारिस भई आए बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एम.आर.यु. एशोसिएट्स चार्टड एकाउन्टेन्ट्स (साझेदार सिए श्री रमन उप्रेती) लाई देहाय बमोजिमका कार्यहरु गर्ने गरी कर बाहेक बार्षिक रु.३,००,०००।०० (अक्षरुपी तीन लाख मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

क) Statutory Audit

ख) Long Form Audit Report

ग) Tax Audit

घ) Certification Under Section 78 of Company Act 2063

ङ) Certification of Corporate Governance Annual Report

४. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

➤ संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन प्रयोजनको लागि संस्थाको संचालक समितिको बैठकबाट निर्वाचन अधिकृतको कार्य गर्नको लागि नियुक्ति हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री रामचन्द्र कार्कीबाट संस्थाको संचालक निर्वाचन निर्देशिका, २०७८ मा रहेको व्यवस्था बमोजिम मिति २०८१/०९/२१ मा प्रकाशित निर्वाचन कार्यक्रमको सूचना बमोजिम मिति २०८१/०९/२४ गतेका दिन राखिएको उम्मेदवारको मनोनयन दर्ताको समयमा संस्थाको शेयरधनी पानस ईन्भेष्टमेण्ट कम्पनी प्रा. लि. का प्रतिनिधि श्री योगराज कंडेल शर्माको मात्र एकल उम्मेदवारी परेको र निजसंग बैंक तथा

वित्तीय संस्था सम्बन्धी ऐनमा उल्लेख भए बमोजिमका संचालक हुनका लागि आवश्यक योग्यताहरु रहेको साथै निजउपर कुनैपनि दावि बिरोध नपरेकाले शेयरधनी पानस ईन्भेष्टमेण्ट कम्पनी प्रा. लि. का प्रतिनिधि श्री योगराज कंडेल शर्मा निर्विरोध निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृत श्री रामचन्द्र कार्कीले सभा समक्ष जानकारी गराउदैं सोही व्यहोरालाई स्वीकृतीको लागि सभा समक्ष अनुरोध गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभाहरुबाट सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्कदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

- नेपाल फाईनान्स लिमिटेडले अन्य कुनै उपयुक्त बैंक तथा विंत्तीय संस्थासंग गाभ्ने/गाभिने तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाइ प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल- अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit–DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्कदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ग. विविध ।**

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न

गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा उपस्थित शेयरधनीहरु लगाएत सम्पूर्ण महानुभावहरुलाई पुनःधन्यवाद ज्ञापन गर्दै बिहान १०:१५ बजे सभा विसर्जन गर्नुभयो ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

..................................
विष्णु प्रसाद गौतम
कम्पनी सचिव

..................................
प्रा.श्री हिरेन्द्रमान प्रधान
अध्यक्ष